# सङ्घीय संसद्

# प्रतिनिधि सभा, २०८२

पहिलो अधिवेशन

बैठक संख्या - १

## दैनिक कार्यसूची

२०८२ चैत १९ गते, बिहीबार

दिनको २:०० बजे

## (सम्भावित)

### राष्ट्रपतिको पत्र

१. माननीय ज्येष्ठ सदस्य/सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिबाट प्राप्त अधिवेशन आह्वानसम्बन्धी पत्रको बेहोरा पढेर सुनाउनु हुने ।

### राष्ट्रपतिको कार्यालयको पत्र

२. सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त प्रधानमन्त्री पदमा नियुक्ति तथा मन्त्रिपरिषद् गठनसम्बन्धी पत्रहरूको बेहोरा पढेर सुनाउनु हुने ।

### प्रतिनिधि सभा नियमावली, २०७९ बमोजिम कामकारवाही गर्ने प्रस्ताव पेस र स्वीकृत

३. सम्माननीय सभामुखले नेपालको संविधानको धारा १०४ बमोजिम प्रतिनिधि सभाबाट सभाले आफ्नो नियमावली नबनाएसम्मको लागि प्रतिनिधि सभा नियमावली, २०७९ बमोजिम कामकारवाही गर्ने प्रस्ताव स्वीकृतिका लागि प्रस्तुत गर्नुहुने ।

### बैठकको अध्यक्षता गर्ने सदस्यहरूको मनोनयन

४. सम्माननीय सभामुखले सभामुखको अनुपस्थितमा बैठकको अध्यक्षता गर्न माननीय सदस्यहरूको मनोनयन गर्नुहुने ।

### अधिवेशन प्रारम्भको अवसरमा मन्तव्य

५. अधिवेशन प्रारम्भको अवसरमा दलीय आधारमा माननीय सदस्यहरूले आ-आफ्नो मन्तव्य राख्नुहुने ।

### सभामुख पदको निर्वाचनको दिन तोकिने

६. सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ७ बमोजिम प्रतिनिधि सभाको सभामुख पदको निर्वाचनको लागि दिन तोक्नु हुने ।

### अध्यादेश पेस

७. माननीय गृहमन्त्री सुधन गुरुङले निम्नलिखित अध्यादेशहरू पेस गर्नुहुनेः-

(क) "मतदाता नामावली (पहिलो संशोधन) अध्यादेश, २०८२"

(ख) "प्रतिनिधि सभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२"

(ग) "नेपाल विशेष सेवा (दोस्रो संशोधन) अध्यादेश, २०८२"

### शोक प्रस्ताव

८. सम्माननीय सभामुखले संविधान सभाका सदस्य एवं पूर्व सदस्यहरु ऋषिकेश गौतम, मोहम्मद आफताव आलम, आमोदप्रसाद उपाध्याय, होमनाथ दाहाल र संविधान सभा तथा राष्ट्रिय सभाका सदस्य बलदेव बोहराकोको शोक प्रस्तावहरु प्रस्तुत गर्नुहुने।

पद्म प्रसाद पाण्डेय

महासचिव